गढवा गाउँपालिका
देउखुरी दाङ, लुम्बिनी प्रदेश नेपाल

# स्थानीय राजपत्र

स्थानीय सरकार द्वारा प्रकाशित

खण्ड : ७     श्रावण १४ गते, २०८० साल, संख्या : १

## भाग - १

### गढवा गाउँपालिकाको सूचना ।

नेपालको संविधानको धारा २२६ बमोजिम गढवा गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको कार्यविधी सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# गढवा गाउँपालिकाको शिक्षा ऐन, २०८०

**प्रस्तावना :**

प्रत्येक नागरिकमा सहिष्णुता, सदाचार, नैतिकता र मानवीय मूल्यको प्रबर्द्धन गरी संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास, मुलुकको समृद्धि र जनहितका लागि स्थानीय, राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित प्रतिस्पर्धी जनशक्ती तयार गर्न यस गढवा गाउँपालिका क्षेत्रभित्र स्थापना हुने तथा स्थापना भई संचालन भईरहेका विद्यालय तथा शैक्षिक संस्थाहरुको व्यवस्थापनमा सुधार गरी गुणस्तरीय शिक्षा तथा जीवनपयोगी सिपको अवसर वृद्धि गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२१, अनुसूची ८ को क्रमसंख्या ८ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरि गढवा गाउँपालिकाले यो ऐन बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ :**

१) यस ऐनको नाम "गढवा गाउँपालिकाको शिक्षा ऐन, २०८०" रहेको छ ।

२) यो ऐन गढवा गाउँपालिकाभर लागू हुनेछ ।

३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागू हुनेछ ।

**२.परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

क) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

ख) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

ग) "शिक्षा ऐन" भन्नाले गढवा गाउँपालिकाको शिक्षा ऐन, २०८० सम्झनुपर्छ ।

घ) "गाउँपालिका" भन्नाले गढवा गाउँपालिकालाई सम्झनुपर्छ ।

ङ) "गाउँकार्यपालिका" भन्नाले गढवा गाउँकार्यपालिकालाई सम्झनु पर्छ ।

च) "गाउँसभा" भन्नाले गढवा गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ ।

छ) “विशेष शिक्षा” भन्नाले दृष्टिविहिन, श्रवणशक्ति कमजोर, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा शारीरिक अपाङ्गता भएका बालबालिकालाई दिइने विशेष किसिमको शिक्षा सम्झनुपर्छ ।

ज)“ विद्यालय शिक्षा” भन्नाले आधारभूत र माध्यमिक दुबै शिक्षा सम्झनुपर्छ ।

झ) “प्राविधिक तथा व्यावसायिक शिक्षा” भन्नाले प्राविधिक ज्ञान, सीप तथा विषयवस्तुमा आधारित प्रविधि र व्यवसाय उन्मुख शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ ।

ञ) “सामुदायिक विद्यालय” भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी समुदायको पहलमा स्थापना भई अनुमति वा स्वीकृती प्राप्त विद्यालय सम्झनु पर्छ ।

ट) “संस्थागत विद्यालय” भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी निजी पहलमा स्थापना भई अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

ठ) “शिक्षक” भन्नाले विद्यालयमा सिकाइ सहजीकरण गर्न नियुक्त अध्यापक  सम्झनु पर्दछ र सो शब्दले प्रधानाध्यापकलाई समेत जनाउँछ ।

ड) “कर्मचारी” भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

ढ) “अनुमति” भन्नाले नेपाल सरकार वा गाउँपालिकाले कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

ण) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार वा गाउँपालिकाले दिएको स्वीकृतिलाई जनाउँछ ।

त) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा गाउँपालिकाबाट आवासीय विद्यालयको रुपमा स्वीकृत प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

थ) "शैक्षिक गुठी" भन्नाले विद्यालय संचालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्धेश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

द) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रुपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट डि.भी. परमानेन्ट रेजिडेन्ट भिसा पी.आर वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ ।

ध) "प्रारम्भिक बालशिक्षा" भन्नाले चार बर्ष उमेर पुरा भएका बालबालिकालाई दिइने एक बर्षको प्रारम्भिक बालशिक्षा सम्झनु पर्छ ।

न) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गढवा गाउँपालिका गाउँकार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

प) "शाखा प्रमुख" भन्नाले गढवा गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखलाई सम्झनुपर्छ ।

फ) "शैक्षणिक सुपरिवेक्षक" भन्नाले दफा ४४ बमोजिम नियुक्त शैक्षणिक सुपरीवेक्षकलाई सम्झनुपर्छ ।

ब) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस ऐन बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

# परिच्छेद २

## शिक्षाको प्रकार,विद्यालयको वर्गीकरण,अनुमति,स्वीकृति,समायोजन तथा नियमन

**३.माध्यमिक शिक्षाको प्रकार :**माध्यमिक शिक्षा देहाय बमोजिम हुनेछन् :

क) साधारण माध्यमिक शिक्षा

ख) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा

**४.शिक्षाको माध्यम :** (१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुवै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयमा भाषा विषयमा अध्यापन गराउँदा शिक्षाको माध्यम सोही भाषामा हुनेछ ।

**५.अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दुर शिक्षा तथा खुला शिक्षा संचालन सम्बन्धि व्यवस्था:**(१) गाउँपालिकाले तोके बमोजिम विशेष शिक्षा,समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दुर शिक्षा तथा खुला शिक्षा संचालन गर्न सक्नेछ ।

**६.विद्यालयको वर्गीकरण :**(१) विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ ।

(क) सामुदायिक विद्यालय

(ख) संस्थागत विद्यालय

(ग) गुठी विद्यालय

(घ) सहकारी विद्यालय

(ङ) धार्मिक विद्यालय

**७.विद्यालय संचालन गर्न तथा कक्षा थप अनुमति लिनुपर्ने : (१)** कुनै नेपाली नागरिकले सामुदायिक विद्यालय, शैक्षिक गुठी, संस्थागत, सहकारी तथा धार्मिक विद्यालय खोल्न तथा कक्षा थप गर्न चाहेमा तोकिएको विवरण खुलाई वडा शिक्षा समितिको सिफारिस सहित तीन महिना अगावै गाउँपालिका समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर गाउँशिक्षा समितिले आवश्यक जाँचबुझ गर्दा विद्यालय खोल्न मनासिव देखिएमा ऐनमा तोकिएको शर्त पालना गर्ने गरी गाउँशिक्षा समितिको सिफारिस बमोजिम गाउँकार्यपालिकाले अनुमति दिनेछ ।

(३) यो दफा प्रारम्भ हुदाँका बखत कम्पनीको रुपमा संचालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तरगत विद्यालय संचालन गर्न गाउँपालिका समक्ष निवेदन दिन सक्नेछ ।

(४)उपदफा (३) बमोजिम निवेदन परेमा गाउँशिक्षा समितिले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिब देखिएमा माग बमोजिम गाउँ शिक्षा समितिको सिफारिसमा गाउँकार्यपालिकाको निर्णयानुसार गाउँपालिकाले विद्यालय संचालन गर्न पुनः अनुमति तथा स्वीकृति दिनेछ ।

(५) उपदफा (२), (३) वा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहाएका विद्यालयलाई शैक्षिक गुठीको रुपमा संचालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैन ।

क) सरकारी वा सार्वजनिक भवनमा संचालन भएका विद्यालय,

ख) सरकारी वा सार्वजनिक जग्गामा संचालन भएका विद्यालय,

ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई संचालन भएका विद्यालय ।

(६) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी अर्न्तगतका विद्यालय संचालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछ ।

क) शैक्षिक गुठी संचालन गर्ने गुठी संचालक ट्रष्टी संगठित संस्थाको रुपमा हुनपर्ने,

ख) शैक्षिक गुठी संचालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँच जना र नीजि गुठी भए कम्तीमा तीन जना सदस्य हुन पर्ने,

ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने,

घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रुपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछ । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारीको स्वीकृति लिनु पर्नेछ ।

(७) कुनै सामाजिक परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्धेश्य राखी विद्यालय संचालन गर्न चाहेमा गाउँपालिकाबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तरगत संचालन गर्न सक्नेछ ।

(८) ट्यूसन, कोचिङ्ग, शैक्षिक परामर्श सेवा, भाषा शिक्षण कोर्ष, पूर्वतयारी कक्षा जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवा संचालन गर्न गाउँपालिकाबाट अनुमति लिनु पर्नेछ ।

(९) उपदफा (७) बमोजिम संचालित विद्यालयले पालना गर्नु पर्ने शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(१०) माथिल्ला उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासंग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन ।

८. **सामुदायिक सिकाई केन्द्र संचालन गर्न सक्ने :**गाउँपालिकाले समुदायमा काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाई केन्द्र संचालन गर्न सक्नेछ । यस्तो केन्द्रमा सामुदायिक पुस्तकालय र वाचनालय संचालन हुन सक्नेछ ।

९. **गाउँपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने :**(१) गाउँपालिकाले तोके बमोजिम संचालन भई रहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुई  भन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप गरी संचालन गर्न वडा शिक्षा समितिको सहमति भएमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँकार्यपालिकाको निर्णय बमोजिम अनुमति वा स्वीकृति दिन सक्नेछ ।

**१०.गाउँ शिक्षा समिति सम्बन्धि व्यवस्था :**(१) गाउँपालिका क्षेत्रभित्र संचालन हुने विद्यालयहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहायका सदस्यहरु रहेको एक गाउँशिक्षा समिति रहनेछ :

क) गाउँपालिकाको अध्यक्ष — संयोजक

ख) गाउँ कार्यपालिकाले तोकेको गाउँसभाका सदस्यहरुबाट एक जना महिला सहित दुईजना — सदस्य

ग) विद्यालय व्यवस्थापन समिति महासंघको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि एक जना — सदस्य

घ) समाजसेवी वा शिक्षाप्रेमीहरुमध्येबाट गाउँशिक्षा समितिले मनोनित गरेको कम्तीमा एकजना दलित र एक जना महिला सहित दुई जना — सदस्य

ङ)सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट गाउँशिक्षा समितिले मनोनित गरेको एक जना महिला सहित दुई जना — सदस्य

च) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

छ) गुठी, सहकारी वा परम्परागत धार्मिक विद्यालयहरुमध्येबाट संयोजकले मनोनित गरेको एकजना — सदस्य

ज) सामाजिक विकास समितिको संयोजक — सदस्य

झ) नेपाल शिक्षक महासंघ गढवाको अध्यक्ष वा प्रतिनिधि — सदस्य

ञ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख — सदस्य सचिव

(२) समितिका मनोनित सदस्यहरुको कार्यकाल दुई बर्षको हुनेछ ।

(३) उपदफा (१) अनुसार तोकिएका र मनोनित सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा तोक्ने वा मनोनयन गर्ने पदाधिकारी वा निकायले जुनसुकै समयमा पनि हटाउन सक्नेछ । तर त्यसरी हटाउनु वा वर्खास्त गर्नु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

(४) समितिले आवश्यक ठानेमा विषय विशेषज्ञ, पदाधिकारी वा कुनै कर्मचारीलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(५) **गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

क) शिक्षा सम्बन्धि गाउँपालिका स्तरीय नीति निर्माण, योजना तथा कार्यक्रम निर्माण गरी लागू गर्ने,

ख) गाउँपालिकाको शैक्षिक गुणस्तर विकासका लागि स्रोत जुटाउने,

ग) गाउँपालिकामा शिक्षा सम्बन्धि विषयमा सेमिनार, सम्मेलन, तालिम तथा प्रदर्शनीको आयोजना गर्ने,

घ) गाउँपालिका भित्र मर्यादित र स्वच्छ वातावरणमा परीक्षा संचालन गर्न आवश्यक निर्देशन दिने,

ङ) सामुदायिक विद्यालयको लेखापरीक्षणका लागि लेखापरीक्षक तोक्ने,

च) प्रारम्भिक बालविकास कक्षा देखि आधारभूत र माध्यमिक तहको विद्यालय संचालन तथा कक्षा थपको अनुमति प्रदान, स्वीकृति तथा समायोजनका लागि गाउँकार्यपालिका समक्ष सिफारिस गर्ने,

छ) विद्यालयको नामाकरण वा नाम परिवर्तनका लागि गाउँकार्यपालिका समक्ष सिफारिस गर्ने,

ज) गाउँपालिका भित्रका सामुदायिक विद्यालय अन्तरगतका कक्षा पाँचसम्मका आधारभूत विद्यालयका हकमा विद्यार्थी संख्याको आधारमा न्यूनतम कक्षागत दरबन्दी कायम गरी र आधाभूत विद्यालयको कक्षा छ देखि आठसम्म र माध्यमिक विद्यालयलाई विषयगत आधारमा नेपाल सरकारद्धारा उपलब्ध दरबन्दी मिलान गर्ने,

झ) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने,

ञ) विद्यालयहरुको सुपरिवेक्षण तथा अनुगमन गर्ने,

ट) विद्यालयले कायम गर्नुपर्ने न्यूनतम सरसफाई तथा शौचालयको मापदण्ड तोक्ने,

ठ) गरिबीको रेखामुनी रहेका परिवारको लगत राखी त्यस्ता परिवारका बालबालिकाहरुलाई शिक्षामा सहभागिता गराउन आवश्यक व्यवस्था मिलाउने,

ड) शिक्षकको कार्यदक्षताको आधारमा पुरस्कारको व्यवस्था गर्ने,

ढ) विद्यालयहरुको विपद् जोखिम अवस्था लेखाजोखा गरी प्रभाव न्यूनीकरणका लागि कार्ययोजना तयार गर्ने,

ण) विद्यालय शिक्षामा सुधारका लागि गाउँशिक्षा नीति तथा योजना बनाई स्वीकृतीका लागि गाउँसभामा पेश गर्ने,

(६) गाउँशिक्षा समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धि कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**११.गाउँकार्यपालिकाको काम,कर्तव्य र अधिकार :** (१) यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त गाउँकार्यपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) शैक्षिक योजना तथा कार्यक्रम कार्यान्वयन गर्न शिक्षा समिति, प्रमुख प्रशासकीय अधिकृत तथा शिक्षा शाखा प्रमुखलाई आवश्यक निर्देशन दिने,

ख) शैक्षिक योजना तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यकता अनुसार समिति, उप समिति वा कार्यदल गठन गर्ने,

ग) शिक्षक सरुवाको मापदण्ड बनाई शिक्षक विद्यार्थी अनुपात मिलाउने, गुणस्तर कायम गर्न आचार संहिता बनाई लागू गर्ने,

घ) शिक्षक तथा कर्मचारीहरुको प्रशासन, व्यवस्थापन तथा शैक्षिक विकास सम्बन्धी कार्ययोजना,स्वीकृत गर्ने र कार्यान्वयन गर्न निर्देशन दिने,

ङ) शिक्षा कानून बमोजिमका शिक्षा सम्बन्धी व्यवस्थाहरुको कार्यान्वयन गर्न शिक्षा समितिलाई निर्देशन दिने,

च) समय समयमा गाउँपालिका भित्रका विद्यालयहरुको अनुगमन तथा मुल्यांकन गरी गराई अपेक्षित गुणस्तर कायम गर्ने,

छ) विद्यालयमा आर्थिक व्यवस्था पारदर्शि तथा सुनिश्चित गर्न वस्तुगत आधार तथा मापदण्ड बनाई लागू गर्ने गराउने ,

ज) यस ऐनको परिधि भित्र आवश्यक विषयगत क्षेत्रहरुको मापदण्ड बनाउने,

झ) अनौपचारिक शिक्षा, वैकल्पिक शिक्षा, विषेश शिक्षा, खुल्ला तथा दुर शिक्षा सम्बन्धी मापदण्ड बनाई लागू गर्ने गराउने,

ञ) शिक्षा सम्बन्धी ऐन जारी एवम् संशोधन गर्न विधेक गाउँसभामा पेश गर्ने,

ट) शैक्षिक गुणस्तर वृद्धि गर्न आवश्यक नीति नियम तर्जुमा गर्ने,

ठ) यस ऐनमा कार्यपालिकाले गर्ने भनी उल्लेख भएका शिक्षा सम्बन्धी कार्य गर्ने ।

**१२.वडा शिक्षा समितिको गठन :** (१) वडास्तरमा देहायका सदस्यहरु रहने गरी एक वडा शिक्षा समिति रहनेछ :

क) सम्बन्धित वडाको वडाध्यक्ष — संयोजक

ख) वडा समितिका सदस्यहरुमध्ये वडा समितिले तोकेको एकजना — सदस्य

ग) वडा अन्तरगत संचालित सामुदायिक विद्यालयका वि.व्य.स.का अध्यक्षहरुमध्ये वडा समितिले मनोनित गरेको एक जना — सदस्य

घ) सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापक /शिक्षकहरुमध्येबाट वडा समितिले मनोनित गरेको एक जना महिला सहित दुई जना — सदस्य

ङ) वडा भित्रका बुद्धिजिबी तथा शिक्षाप्रेमीहरुमध्येबाट वडा समितिले मनोनित गरेको एकजना महिला सहित दुई जना — सदस्य

च) सम्बन्धित वडाको वडा सचिव — सदस्य सचिव

(२) समितिका मनोनित सदस्यहरुको कार्यकाल  दुई वर्षको हुनेछ ।

(३) उपदफा (१) अनुसार तोकिएका र मनोनित सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा तोक्ने वा मनोनयन गर्ने पदाधिकारी वा निकायले जुनसुकै समयमा पनि हटाउन सक्नेछ । तर त्यसरी हटाउनु वा वर्खास्त गर्नु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

(४) वडाभित्रका विद्यालयका प्रधानाध्यापकहरु र शैक्षणिक सुपरिवेक्षकलाई वडा शिक्षा समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सकिनेछ ।

(५) वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हनेछ :

क) शिक्षा सम्बन्धि वडास्तरीय योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने,

ख) प्रारम्भिक बालविका कक्षा र विद्यालय स्थापना तथा कक्षा थप गर्न, विद्यालय बन्द तथा समायोजनका लागि सिफारिस गर्ने,

ग) विद्यालय, शिक्षक तथा विद्यार्थीहरुको तथ्यांक अध्यावधिक गर्ने,

घ) विद्यालय बाहिर रहेका बालबालिकाहरुको तथ्यांक अध्यावधिक गर्ने,

ङ) बाल उद्यानको व्यवस्था गर्ने,

च) अनौपचारिक शिक्षा कार्यक्रम संचालन तथा व्यवस्थापन गर्ने,

छ) शिशु स्याहार तथा प्रारम्भिक बालविकास केन्द्र संचालन र व्यवस्थापन गर्ने,

ज) पुस्तकालय, वाचनालय, सामुदायिक सिकाई केन्द्र बाल क्लब तथा बाल संजाल तथा व्यवस्थापन गर्ने,

(६) वडा शिक्षा समितिले आफ्नो बैठक संचालन सम्बन्धि कार्यविधि आफैं बनाउन सक्नेछ ।

**१३. विद्यालय व्यवस्थापन समितिको गठन, काम, कर्तव्य र अधिकार :**(१) सामुदायिक विद्यालयको संचालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहने गरी एक विद्यालय व्यवस्थापन समिति गठन हुनेछ :

क) अभिभावकहरुले आफूहरुमध्येबाट छानी पठाएका कम्तीमा दुईजना महिला सहित चारजना — सदस्य

ख) विद्यालय रहेको सम्बन्धित वडाको अध्यक्ष वा वडा समितिका सदस्यहरुमध्येबाट वडा समितिले मनोनयन गरेको एकजना — सदस्य

ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद, जग्गा वा जिन्सी सहयोग गरेका व्यक्तिहरुमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुईजना — सदस्य

घ) विद्यालयका शिक्षकहरुले आफूहरुमध्येबाट छानी पठाएको एकजना — सदस्य

ङ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक — सदस्य सचिव

(२) विद्यालय स्तरिय बाल क्लबले मनोनयन गरेका एक जना छात्र र एक जना छात्रा गरी दुइजना आमन्त्रित सदस्य रहनेछन् ।

(३) प्राविधिक र व्यावसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा गाउँपालिकास्तर वा जिल्लास्तरका उद्योगा तथा बाणिज्य महासंघका दुईजना प्रतिनिधि सदस्य रहनेछन ।

(४) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१) को खण्ड (क), (ख) वा (ग) बमोजिमका सदस्यहरुमध्येबाट छानिएको सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

(५) विद्यालय व्यवस्थापन समितिका अध्यक्ष छनोट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितमा सो समितिका जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) उपदफा (१) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक, पदाधिकारी वा निकायले जनुसकै बखत पदबाट हटाउन सक्नेछ र त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(७) गाउँ शिक्षा शाखा प्रमुख र शैक्षणिक सुपरीवेक्षकलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सकिनेछ ।

(८) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) विद्यालयको समग्र शैक्षिक गुणस्तर सुधारका लागि आवश्यक योजना बनाई कार्यान्वयन गर्ने र आवश्यक स्रोत साधनको खोजी गरी सोको परिचालन गर्ने,

ख) विद्यालयको चल अचल सम्पत्तिको लगत राख्ने राख्न लगाउने र सुरक्षा गर्ने,

ग) विद्यालयको शैक्षिक भौतिक तथा आर्थिक तथ्यांक र विवरण अद्यावधिक गराई राख्ने,

घ) विद्यालयको बार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँपालिकालाई दिने,

ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

च) विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीको अनुशासन तथा आचरण आदीको अनुगमन गर्ने,

छ) प्रचलित कानुन बमोजिम शिक्षक सेवा आयोगको सिफारिसमा नियुक्ति भएका शिक्षकलाई हाजिर गराई काममा लगाउने,

ज) गाउँपालिकाबाट खटिएका शिक्षक तथा कर्मचारीलाई हाजिर गराई काममा लगाउने,

झ) गाउँ शिक्षा समितिबाट तोकिएको रजिष्टर्ड लेखापरीक्षकबाट विद्यालयको बार्षिक लेखापरीक्षण गराउने,

ञ) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन शिक्षा शाखामा पेश गर्ने,

ट) तोकिए बमोजिमका क्षेत्रसंग सम्बन्धित गाउँपालिका, गाउँ शिक्षा समिति र वडा शिक्षा समितिले दिएको निर्देशनहरुको पालना गर्ने,

ठ) विद्यालय सेवा क्षेत्रमा निरक्षरता उन्मुलन तथा आधारभूत शिक्षा सुनिश्चित गर्न पहल गर्ने,

ड) विद्यालयको आन्तरिक स्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्त गरेका शिक्षकको लागि सेवा, शर्त र सुविधा तोक्ने र तोकिए बमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने,

ढ) शिक्षाको गुणस्तर कायम गर्ने सम्बन्धमा शिक्षक अभिभावक संघ गठन गर्ने,

ण) तोकिए बमोजिमका अन्य कार्य गर्ने,

त) आचार संहिता पालना नगर्ने शिक्षक तथा कर्मचारीहरुलाई कारबाही गर्ने ।

(८) विद्यालय व्यवस्थापन समितिले आफ्नो बैठक संचालन

सम्बन्धि कार्यविधि आफैं बनाउन सक्नेछ ।

**१४.विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने : (१)** कुनै विद्यालयको विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा सो को कारण खुलाई वडा शिक्षा समितिको सिफारिसमा गाउँ शिक्षा समितिले त्यस्तो विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्नेछ तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन वा यस ऐन बमोजिम अवधि समाप्त भई अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएको अवस्थामा बढीमा तीन महिनाको लागि विद्यालय व्यवस्थापन समितिको काम गर्न गाउँ शिक्षा समितिले देहायका सदस्यहरु रहने गरी अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ :

क) सम्बन्धित वडाको अध्यक्ष — संयोजक

ख) अभिभावकहरुमध्येबाट गाउँ शिक्षा समितिले तोकेको एक जना महिला सहित तीनजना — सदस्य

ग) प्रधानाध्यापक — सदस्य सचिव

(३) दफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कारण विद्यालय व्यवस्थापन समिति गठन हुन नसकेमा सम्बन्धित विद्यालयको सिफारिसमा गाउँ शिक्षा समितिले अस्थायी विद्यालय व्यवस्थापन समितिको म्याद एक पटकको लागि तीन महिना थप गर्न सक्नेछ ।

(४) अस्थायी विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार विद्यालय व्यवस्थापन समिति सरह हुनेछ ।

**१५.संस्थागत विद्यालयको व्यवस्थापन समिति : (१)** संस्थागत विद्यालयको संचालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहने गरी एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरुमध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा शिक्षा शाखा प्रमुखले मनोनित गरेको — अध्यक्ष

ख) अभिभावकहरुमध्येबाट एकजना महिला सहित विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुईजना — सदस्य

ग) सम्बन्धीत वडाको वडाध्यक्ष वा निजले तोकेको वडा सदस्य — सदस्य

घ) सम्बन्धित विद्यालयका शिक्षकहरुले आफूहरुमध्येबाट छानी पठाएको एकजना शिक्षक — सदस्य

ङ) विद्यालयको प्रधानाध्यापक — सदस्य सचिव

(२) उपदफा (१) को (क), (ख) र (ग) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक, पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनुअघि वा समिति विघटन गर्नु अघि सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

**१६.संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार : (१)** संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) विद्यालयको संचालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

ग) विद्यालयको चल अचल सम्पतिको सुरक्षा र संरक्षण गर्ने,

घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

ङ) विद्यालयले नेपाल सरकार र गाउँपालिकाले तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रुपमा लागू गर्ने,

च) अध्यापन अनुमति पत्र लिई प्रचलित कानुन बमोजिम शिक्षक पदको उम्मेदवार हुन योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ती गर्ने,

छ) शिक्षक तथा कर्मचारीको न्यूनतम तलब सेवा सुविधा तोक्ने,

ज) अनुशासनहीन शिक्षक उपर कारवाही गर्ने,

झ) शिक्षा ऐन तथा नियमावली र अन्य कानुनमा उल्लेखित व्यवस्थाका अतिरिक्त गाउँपालिकाबाट जारी शिक्षा क्षेत्रसंग सम्बन्धित सबै नीति नियम तथा निर्देशनहरुको पालना गर्ने,

ञ) शैक्षिक गुठी अन्तरगत संचालन भएका विद्यालयको संचालन रेखदेख र व्यवस्थापन सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२) विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य र अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**१७.संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने :** (२) संस्थागत विद्यालयमा भर्ना भएका कूल विद्यार्थीको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपांगता, दलित वा जनजाति विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थपन समितिमा रहेका अभिभावकको प्रतिनिधित्व रहेका छात्रवृत्ति छनौट समिति रहनेछ ।

(३) समितिले छनौटका लागि आधार, शर्त र प्रक्रिया तयार गरी सो विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई संस्थागत विद्यालयहरुले अनिवार्य रुपमा प्रदान गर्नुपर्ने छात्रवृत्ति र सो को विवरण शिक्षा शाखामा पेश तथा सार्वजनिक समेत गर्नु पर्नेछ ।

(४) समितिले छात्रवृत्तिको लागि छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नु पर्नेछ ।

**१८. अनुगमन तथा मूल्यांकन :** (१) संस्थागत विद्यालयको गुणस्तर कायम राख्न गाउँपालिका वा गाउँ शिक्षा समिति वा वडा शिक्षा समितिले जुनसुकै समयमा अनुगमन गर्न निर्देशन दिन सक्नेछ । यसरी प्राप्त निर्देशन कार्यान्वयन गर्नु संस्थागत विद्यालयको अनिवार्य दायित्व हुनेछ ।

**१९. अनुमति वा स्वीकृति रद्ध गर्ने :** (१) कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तरगत बनेको नियमविपरीत अन्य कुनै काम गरेमा गाउँपालिकाले प्रदान गरेको अनुमति वा स्वीकृति रद्ध गर्न सक्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्ध गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

## परिच्छेद ३

## विद्यालय शिक्षक अनुदान,शर्त,योग्यता एवम् सक्षमताको मापदण्ड

**२०.शिक्षक अनुदानको व्यवस्था :** (१) गाउँपालिकाले शून्य वा कम शिक्षक दरबन्दी भएका सामुदायिक विद्यालयहरुलाई शिक्षक अनुदानको व्यवस्था गर्नेछ ।

(२) गाउँपालिकाले शिक्षक अनुदान उपलब्ध गराउदा विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या, भौगोलिक अवस्था र विषयका आधारमा विद्यालयलाई अनुदान कोटा उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको शिक्षक अनुदानमा तोकिए बमोजिम विद्यालयले करारमा शिक्षक नियुक्ति गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको करारमा नियुक्त शिक्षकहरुको तलब,भत्ता गाउँसभाले तोके बमोजिम हुनेछ ।

(५) उपदफा (३) बमोजिमको करारमा नियुक्त शिक्षकहरुको म्याद थप शैक्षिक सत्र सुरु हुनु अगावै वडा समितिको सिफारिसमा गाउँकार्यपालिकाको निर्णय भएमा गाउँसभाको निर्णयानुसार विद्यालयले गर्नेछ ।

(६) उपदफा (१) बमोजिम व्यवस्था गरिने अनुदान शिक्षकको व्यवस्थापनका लागि गाउँकार्यपालिकाले आवश्यक कार्यविधि तयार गरि सोही बमोजिम अनुदान शिक्षकहरुको व्यवस्थापन गर्नेछ ।

(७) यो ऐन जारी हुन पूर्व व्यवस्थापन गरिएका विद्यालय अनुदान शिक्षकहरुको हकमा यसै ऐन बमोजिम भए गरेका मानिनेछ ।

**२१. शिक्षकको सेवा, शर्त, योग्यता र सक्षमता :**(१) शिक्षकको सेवा, शर्त, योग्यता र सक्षमता तोकिए बमोजिम हुनेछ ।

**२२.स्थायी अध्यापन अनुमति पत्र लिनुपर्ने :**(१) अध्यापन अनुमति पत्र नलिई कसैले पनि शिक्षक पदका लागि उम्मेदवार हुन पाउने छैनन् । तर तीन पटकसम्म शिक्षक पदपूर्तिका लागि गरिएको विज्ञापनमा अध्यापन अनुमति पत्र प्राप्त उम्मेदवारको आवेदन नपरेमा गाउँपालिका अनुदान कोटाको विज्ञान, गणित र अंग्रेजी विषयमा करार नियुक्ती गर्न बाधा पार्ने छैन ।

**२३. शिक्षकको पदीय आचरण तथा अन्य व्यवस्था :** (१) देहायका अवस्थामा गाउँपालिका अनुदानमा कार्यरत शिक्षकलाई वडा समितिले सिफारिस गरेमा विद्यालय व्यवस्थापन समितिले पदबाट हटाउन सक्नेछ :

क) तोकिए बमोजिमका पदीय दायित्व पूरा नगरेमा,

ख) विना सूचना लगातार सातदिन भन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

ङ) सामुदायिक विद्यालयका शिक्षकले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यावसायिक क्रियाकलाप गरेमा,

च) निजले अध्यापन गरेको विषयमा तीन बर्ष भित्रको औषत शैक्षिक उपलब्धी ४० प्रतिशत भन्दा कम भएमा,

छ) शिक्षक राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको पाइएमा ।

(२) उपदफा (१) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षकलाई पदबाट हटाउनु पर्ने यथेष्ट प्रमाण प्राप्त भएमा विद्यालय व्यवस्थापन समितिले निजलाई पदबाट हटाउन सक्नेछ । तर पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

**स्पष्टीकरण** :यस खण्डको प्रयोजनका लागि कार्यकारिणी समिति भन्नाले राजनितिक दलको विधान बमोजिम गठित केन्द्रियस्तर, प्रदेशस्तर, जिल्लास्तर वा गाउँपालिकास्तरका कार्यकारिणी समिति सम्झनुपर्छ ।

(४) संघीय दरबन्दीमा कार्यरत शिक्षकहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**२४. अदालतको आदेशबाट पुन : बहाली हुन सक्ने : (१)** दफा २२ मा उल्लेख भएका कुनै वा केही आरोपमा सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक अदालतको आदेश वा फैसला बमोजिम नोकरीमा पुन : बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुन : बहाली भएको शिक्षकले नोकरीबाट हटेदेखि पुन : बहाली भएको मितिसम्मको पूरा तलब भत्ता र तलब वृद्धि पाउने भए सो समेत पाउनेछ ।

**२५. तलब,भत्ता नपाउने र सेवा अवधि गणना नहुने :** (१) दफा २३ मा उल्लेखित अवस्थामा वा नियमानुसार विदा स्वीकृत गराई बसेका अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले अनुपस्थित अवधिको तलब, भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवामा समेत गणना हुने छैन ।

**२६.स्थायी आवासीय अनुमति लिन नहुने** : सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरुले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन । यो दफा प्रारम्भ हुनु अघि कसैले स्थायी आवासीय अनुमति लिएको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन गरेको भए त्यस्तो शिक्षक वा कर्मचारीलाई भविष्यमा निजले काम गरेको सेवाको लागि अयोग्य ठहरीने गरी सेवाबाट बर्खास्त गरिनेछ ।

## परिच्छेद ४
## प्रधानाध्यापक, शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति,सरुवा,बढुवा,तालिम र वृत्तिविकास

**२७.प्रधानाध्यापक, शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति :**
(१) विद्यालयमा रिक्त प्रधानाध्यापक, संघीय शिक्षक, राहत र गाउँपालिकाको अनुदान शिक्षक तथा विद्यालय कर्मचारी पदमा अस्थायी करार नियुक्ति तोकिए बमोजिम हुनेछ ।

**२८. शिक्षकको सरुवा :** (१) दरबन्दी मिलान गर्दा बाहेक शिक्षकले सरुवा हुन चाहेमा आफू कार्यरत विद्यालय र जान चाहेको विद्यालयको विद्यालय व्यवस्थापन समितिको सहमति सहित गाउँ शिक्षा अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(२) गाभिएका,बन्द गरिएका र विद्यालयको तह घटाइएका विद्यालयमा कार्यरत संघीय दरबन्दीका शिक्षकहरुलाई गाउँपालिका भित्र बढी विद्यार्थी रहेको विद्यालयमा सरुवाका लागि शिक्षा विकास तथा समन्वय इकाइले गाउँ शिक्षा समितिको निर्णयानुसार गर्नेछ ।

(३) संघीय दरबन्दीको शिक्षक र राहत अनुदान कोटामा कार्यरत शिक्षकको पालिकाभित्रको सरुवाको हकमा गाउँकार्यपालिकाको निर्णय बमोजिम गर्नेछ ।

(४) गाउँपालिका अनुदानको शिक्षक पदमा कार्यरत शिक्षकलाई गाउँ शिक्षा समितिको सिफारिसमा गाउँकार्यपालिकाको निर्णय बमोजिम सरुवा गर्न सक्नेछ ।

**२९.दरबन्दी मिलान :**(१) विद्यालयमा तहगत, कक्षागत, विषयगत शिक्षक संख्या, विद्यार्थी संख्या तथा भौगोलिक अवस्थाका आधारमा विद्यालयमा दरबन्दी मिलान गर्नका लागि दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि २०८० जारी गरी सोही बमोजिम दरबन्दी मिलान गर्न सकिनेछ ।

(२) स्थायी स्वीकृत दरबन्दी नभएका आधारभूत तथा माध्यमिक तहमा हाल कायम रहेको विद्यालयबाट मिलान गर्न सकिनेछ ।

**३०.शिक्षकको बढुवा सम्बन्धी व्यवस्था : (१)** हाल स्थायी सेवारत शिक्षकको बढुवा सम्बन्धी व्यवस्था नेपाल सरकारबाट लागू भए बमोजिम हुनेछ । स्थानीय तहबाट नियुक्ति पाएका करार दरबन्दीमा कार्यरत शिक्षकको तहगत विषयको सेवा, शर्त तथा बढुवा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३१.तालिम तथा क्षमता विकास सम्बन्धी व्यवस्था :** (१) विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीलाई आवश्यकता अनुसार तालिम  तथा पेशागत विकासको अवसर हुनेछ ।

**३२. शिक्षकलाई अन्य काममा लगाउन नहुने :**(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्न वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउनु हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, प्राकृतिक प्रकोप उद्धार वा नेपाल सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

## परिच्छेद ५
## सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण,मर्मत सम्भार,सञ्चालन र व्यवस्थापन

**३३.विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारण** :(१) विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षाकोठा, खाजाघर, खेलमैदान, कम्पाउण्ड, घेराबार, बालमैत्री बसाई व्यवस्थापन, वातावरणमैत्री हाता, करेसाबारी, फुलबारी, स्वच्छ पिउने पानी, छात्रछात्राका लागि अलग अलग शौचालय तथा सिकाई मैत्री वातावरण हुनुपर्दछ ।

(२) विद्यालयमा प्राथमिक उपचार, नियमित स्वास्थ परीक्षण, छात्राहरुलाई स्यानीटरी प्याड जस्ता न्यूनतम् सुबिधा उपलब्ध हुनु पर्नेछ । विद्यालयको स्तर अनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

(३) प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्ने विद्यालय तथा विज्ञान मूल विषय पठनपाठन गराउने विद्यालयमा प्रयोगशाला तथा प्रयोगात्मक अभ्यासको थप सुविधा हुनु पर्नेछ ।

**३४. विद्यालयको सम्पत्ति : (१)** सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिने छ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्ध गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले अन्य विद्यालयको काममा प्रयोग नआउने भएमा जग्गा बाहेक अन्य सम्पत्ति प्रचलित कानुन बमोजिम बेचविखन गर्न सक्नेछ ।

(२) शैक्षिक गुठी अन्तरगत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहेनछ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) कम्पनी अन्तरगत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासंग दानदातव्यको रुपमा कुनै किसिमको चल अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँ शिक्षा समितिको अनुमति लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(५) नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको चल अचल सम्पत्ति नेपाल सरकारको स्वीकृति बिना बेचबिखन गर्न पाइने छैन ।

**३५. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व,सम्पतिको अभिलेख संरक्षण व्यवस्थापन :**(१) सामुदायिक विद्यायको जग्गाको स्वामित्व सो विद्यालयकै नाममा रहने छ । सो विद्यालय बन्द वा खारेज वा अन्यत्र गाभिई विद्यालयको काममा प्रयोग नआउने भएमा गाउँपालिकाले कानून बमोजिम सामाजिक विद्यालय तथा भोग चलन गर्न सक्नेछ ।

(२) विद्यालयको सम्पतिको अभिलेख दुरुस्त राख्ने,संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सो विद्यालयको व्यवस्थापन समितिको रहने छ ।

(३) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य गाउँपालिका र नेपाल सरकारको रहनेछ ।

**३६. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक :** (१) विद्यालयले नेपाल सरकारबाट स्वीकृत राष्ट्रिय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नु पर्नेछ ।

(२) आधारभूत तहसम्मको शिक्षाका लागि स्थानीय आवश्यकतामा आधारित स्थानीय विषयवस्तु समेटिएको स्थानीय पाठ्क्रम र पाठ्पुस्तक गाउँपालिकाबाट निर्माण गरी गाउँकार्यपालिकाबाट स्वीकृत गराई विद्यालयमा लागू गर्न सकिनेछ ।

(३) हरेक विद्यालयमा शैक्षिकस्तरको न्यूनतम् मापदण्ड तोकी शिक्षक,विद्यार्थी सहकार्यमा आधारित पाठ्यसामाग्री,थप स्वाध्ययन सामाग्री,पुस्तकालय,मनोविपर्श तथा अभिभावक शिक्षाको प्रबन्ध हुनु पर्नेछ ।

**३७.अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन :** (१) विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन गर्न सक्नेछ ।

(२) विद्यालयले बालक्लब तथा वातावरणमैत्री क्लबहरु गठन,परियोजना कार्य,अध्ययन भ्रमण,पोषण शिक्षा,खेलकुद प्रतियोगिता,साहित्यिक तथा बहुप्रतिभामुखी क्रियाकलापहरु सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद ६

## परीक्षा सञ्चालन तथा गुणस्तर मापन

**३८.आधारभूत तह उत्तीर्ण कक्षा ८ को अन्त्यमा हुने परीक्षाको सञ्चालन सम्बन्धी व्यवस्था :**(१) गाउँपालिकाबाट सञ्चालन हुने आधारभूत तह कक्षा ८ परीक्षालाई मर्यादित र विश्वसनीय बनाउन देहाय बमोजिमको परीक्षा समिति रहनेछ ।

क) प्रमुख प्रशासकीय अधिकृत संयोजक

ख) नेपाल शिक्षक महासंघ गढवाको अध्यक्ष सदस्य

ग) स्थानीय इलाका प्रहरी कार्यालयका प्रमुख सदस्य

घ) सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापक हरुमध्येबाट एक/एक जना गरी दुई जना सदस्य

ङ) शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुख सदस्य सचिव

(१) उपदफा (१) बमोजिमको समितिले परीक्षा संचालन तथा व्यवस्थापन कार्य गर्न शिक्षा शाखा प्रमुखको संयोजकत्वमा उप समिति गठन गरी जिम्मेवारी दिन सक्नेछ।

(२) परीक्षा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद ७

## विद्यालयलाई दिइने अनुदान, लेखा परीक्षण तथा सामाजिक परीक्षण

**३९.विद्यालय कोष :** (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ जसमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछ :

क) नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान,

ख) गाउँपालिकाबाट प्राप्त अनुदान,

ग) विभिन्न निकाय वा संघ संस्थाबाट प्राप्त अनुदान,

घ) चन्दा वा सहयोगबाट प्राप्त रकम,

ङ) अन्य स्रोतबाट प्राप्त रकम।

**४०.अनुदान सम्बन्धी व्यवस्था : (१)** संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय अनुदान वाफतको रकम गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ । तर कुनै विद्यालयले ताकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिदै आएको रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

(२) गाउँपालिकाले आवश्यकता अनुसार शैक्षिक गुणस्तर सुधार तथा निःशुल्क शिक्षा कार्यान्वयन गर्नका लागि गाउँकार्यपालिकाको निर्णय बमोजिम सामुदायिक विद्यालयहरुलाई तोकिए बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।

**४१.छात्रवृत्तीको व्यवस्था गर्न सक्ने :** (१) गाउँपालिकाले उच्च शिक्षा हासिल गर्नबाट वञ्चित अतिविपन्न, विपन्न, दलित, जनजाति, मुक्त कमैया, मुक्तकम्लहरी, जेहेन्दार तथा मधेशी, मुस्लिम, अल्पसंख्यक, अनाथ, शहिद परिवार, सिमान्तकृत समुदायका विद्यार्थीहरुलाई तोकिए बमोजिम छात्रवृत्ती उपलब्ध गराउन सक्नेछ ।

**४२.शुल्क सम्बन्धी व्यवस्था :**(१) विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन । तर विद्यार्थीहरुको आन्तरिक मुल्यांकन, परीक्षा संचालन तथा व्यवस्थापनका लागि विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम लिन बाधा पर्ने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको हितका लागि अभिभावकले आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्नेछ ।

(३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा कक्षा १० सम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि गाउँपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(४) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क गाउँ शिक्षा समितिबाट वर्गीकरण गरी निर्धारण गरे बमोजिम हुनेछ ।

**४३.विद्यालयलाई छुट र सुविधा :** (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा संचालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखित पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएको बाहेक अन्य विद्यालयको नाममा कुनै लिखित पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेशनदस्तुर छुट दिन सक्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा संचालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ९
## शैक्षणिक सुपरीवेक्षक सम्बन्धी व्यवस्था

**४४.शैक्षणिक सुपरीवेक्षक :** (१) गाउँपालिका भित्रका सामुदायिक र संस्थागत विद्यालयको अनुगमन, निरीक्षण, सुपरीवेक्षण तथा शिक्षकको पेशागत सहयोग गर्नका लागि एकजना शैक्षणिक सुपरीवेक्षक रहनेछ ।

(२) शैक्षणिक सुपरीवेक्षकले विद्यालयको शैक्षिक सुधारको लागि बार्षिक तथा मासिक कार्ययोजना बनाई गाउँ शिक्षा समितिबाट स्वीकृत भए अनुसार विद्यालयको नियमित अनुगमन, निरीक्षण, सुपरीवेक्षण, कक्षा अवलोकन, कक्षा प्रदर्शन, शिक्षक पेशागत सहयोग, नेपाल सरकार, गाउँपालिकाको निर्णय निर्देशन र सूचना प्रवाह तथा कार्यान्वयन गर्नु पर्नेछ ।

(३) शैक्षणिक सुपरीवेक्षकको योग्यता, छनौट, सेवा, सुविधा, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद १०
## विविध

**४५.विद्यालयको विधान :**(१) यो ऐन र प्रचलित कानुनको अधीनमा रही प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको लक्ष्य, मूल्य मान्यता, संचालन प्रक्रिया अन्य सान्दर्भिक विषयवस्तु समावेश गरिएको विधान अभिभावक सभाबाट बनाउन सक्नेछ ।

(२) अभिभावक सभाले विधान आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

(३) विधान अनुसार विद्यालय संचालन गर्नु व्यवस्थापन समिति प्रधानाध्यापक लगायत अन्य सबैको कर्तव्य हुनेछ ।

(४) अद्यावधिक विधानको प्रतिलिपी पारित भएको मितिबाट सात दिन भित्र व्यवस्थापन समितिले गाउँ शिक्षा समिति मार्फतगाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।

(५) विद्यालयको विधान सार्वजनिक दस्तावेज हुनेछ र उक्त विधान जो कोहिले पनि हेर्न पाउनेछ ।

**४६.गाउँपालिकाले निर्देशन दिन सक्ने** :(१) गाउँपालिकाले तोकिएको क्षेत्रसंग सम्बन्धित आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

**४७.विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नु पर्ने** :(१) विद्यालयमा स्वतन्त्र र भय रहित  रुपमा अध्ययन अध्यापन गर्ने वातावरण सृजना गर्ना तथा विद्यालय भित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमाजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने शर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

**४८.बालबालिकालाई निष्काशन गर्न शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने** :(१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाइने छैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन, दुर्व्यवहार गर्न पाइने छैन । तर गम्भिर प्रकारको सरुवा रोग लागी उपचार गर्नु परेमा उपचार अवधिभर छुट्टै राख्न वा बसाई व्यवस्थापन गर्न बाधा पर्ने छैन ।

**४९.शैक्षिक परामर्श सेवा,विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्ष सञ्चालन :**(१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्ष, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५०.प्रगति विवरण बुझाउनुपर्ने :(१)** सामुदायिक तथा संस्थागत विद्यालयले प्रत्येक बर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण गाउँपालिकामा बुझाउनु पर्नेछ ।

**५१.शिक्षा विकास कोष :**(१) गाउँपालिकामा आफ्नो क्षेत्रभित्र बसोबास गर्ने अति विपन्न, दलित, प्राकृतिक प्रकोप पिडित असक्त र असहाय बालबालिकाको शैक्षिक अवसर बृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी, शिक्षक, कर्मचारी वा अभिभावकलाई प्रोत्साहन गर्न शिक्षा कोष स्थापना हुनेछ । कोषमा देहाय बमोजिमका रकम रहन सक्नेछ :

क) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान

ख) सहयोगबाट प्राप्त रकम

ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम

घ) अन्य स्रोतबाट प्राप्त रकम

(२) कोषको सञ्चालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

**५२.दण्ड सजाय :** (१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्धा हेर्ने अधिकारी वा न्यायिक समितिले विगो असूल गरी विगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा कार्य गर्न सहयोग पुर्याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी कानून बमोजिम सजाय हुनेछ ।

क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

ङ) अरुको तर्फबाट परीक्षा दिएमा,

च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

छ) विद्यार्थी भर्ना गर्दा दान उपहार वा कुनै रकम लिएमा,

ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,

झ) कानुन विपरीतको अन्य कार्य गरेमा ।

(३) कानुन बमोजिमको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्धा हेर्ने अधिकारी वा जिल्ला अदालतमा मुद्धा दायर भएको मितिदेखि मुद्धाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय गरिनेछ ।

**५३.पुनरावेदन** :(१) तोकिएको अधिकारीलाई गरेको सजायको आदेशउपर कानून बमोजिम पुनरावेदन लाग्नेछ ।

**५४.नियम बनाउने अधिकार** :(१) यस ऐनको उद्धेश्य कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक नियमावली बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि गाउँकार्यपालिकाले आवश्यक निर्देशिका, कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

**५५.शिक्षा परामर्श सभा गठन गर्न सक्ने** :(१) गाउँकार्यपालिकाले आवश्यक ठानेमा समग्र शिक्षाको स्थिति पहिचान गरी शैक्षिक उन्नयन गर्न विज्ञहरुबाट तोकिए बमोजिम परामर्श समिति गठन गर्न सक्नेछ ।

**५६.संक्रमणकालिन व्यवस्था** : (१) यस ऐनमा तोकिए बमोजिम हुने भनि व्यवस्था गरेको काम नियमावली निर्माण नहुँदासम्म ऐनको भावना प्रतिकुल नहुने गरी गाउँकार्यपालिकाले कार्य गर्न सक्नेछ ।

**५७.बाधा अड्काउ फुकाउने अधिकार** : (१) यस ऐनको उद्धेश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन गाउँपालिकाको राजपत्रमा सूचना प्रकाशित गरी आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ । तर त्यस्तो आदेश गाउँपालिकाले ६ महिना भित्रमा अनुमोदन नगरेमा स्वत : निष्कृय हुनेछ ।

**५८.बचाउ र लागू नहुने :** (१) यो ऐन वा यस ऐन अन्तरगत बनेका नियममा लेखिएको कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित अन्य कानून बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन २०५९ बमोजिम कारवाही गर्न बाधा पर्ने छैन ।

(३) यस ऐनका दफा तथा उपदफाहरु नेपालको संविधानसँग बाझिएको खण्डमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

(४) यस अघि कानून बमोजिम नियुक्त शिक्षक कर्मचारीहरुलाई गाउँपालिकाबाट दिइदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन तर यो व्यवस्थाले कानून बमोजिम दण्ड सजाय र कारवाही गर्न बाधा पर्ने छैन ।

आज्ञाले
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत